नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# हुलाक सेवा विभाग
(फिलाटेलिक तथा हुलाक टिकट व्यवस्थापन शाखा)

फोन नं.: ०१-५३२४११६
०१-५३२४११७
फ्याक्स नं: ०१-५३२४१४३
ईमेल: psdyojana@gmail.com
planning@nepalpost.gov.np

बबरमहल
काठमाडौं नेपाल

पत्र संख्याः
च.नं.

प्रेस विज्ञप्ति

आज मिति २०८२ साल जेठ २१ गते बुधबारको दिन हुलाक सेवा विभागको फिलाटेलिक कार्यक्रम, २०२४/२५ अन्तर्गत रैथाने आनुवंशिक कृषिका स्रोतहरु र राष्ट्रसन्त स्वामी श्री परमानन्द सरस्वती महाराजको तस्वीर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्ने कार्यक्रम विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीज्यूको अध्यक्षतामा, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङज्यूको प्रमुख आतिथ्यता र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्यालज्यूको विशेष आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङज्यूले प्रकाशित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा लगाउनु भएको थियो।

रैथाने आनुवंशिक कृषिका स्रोतहरुमा सुन्तला, असला माछा, नौमुठे गाई(अछामी गाई), रायो साग, पुत्का मौरी, खरी बाख्रा, पारकोटे भैंसी र लिमे भैंसी रहेका छन्। यी आनुवंशिक स्रोतहरु नेपालका विभिन्न स्थानमा पाइने रैथाने जातमा पर्दछन्। राष्ट्रसन्त स्वामी श्री परमानन्द सरस्वती महाराजले नेपालको शैक्षिक विकास र धार्मिक तथा सामाजिक क्षेत्रमा पुर्‍याउनु भएको योगदानको कदर गर्दै उहाँको तस्वीर अंकित हुलाक टिकट प्रकाशन गरिएको हो। उहाँले आफ्नो जीवनकालमा नेपालको विभिन्न स्थानमा ४० वटा गुरुकुल, विद्याश्रम तथा शैक्षिक संस्थाहरु र धार्मिक आश्रमहरु स्थापना गर्नुभएको थियो। उहाँको ३ वटा प्रकाशित कृतिहरु र ११ वटा सम्बद्ध अन्य कृतिहरु रहेका छन्। उहाँ गोरखा दक्षिणवाहु क, सन्त शिरोमणी र राष्ट्रसन्तबाट विभूषित हुनुभएको थियो।

कार्यक्रममा गणतन्त्र दिवस,२०८२ को अवसरमा हुलाक सेवा विभाग र फिलाटेलिक सोसाइटीको संयुक्त आयोजनामा सम्पन्न भएको हुलाक टिकट प्रदर्शनीमा भाग लिनुभएका फिलाटेलिस्टज्यूहरुलाई कदर पत्र प्रदान गरिएको थियो। सोही अवसरमा प्रदर्शनीमा विद्यार्थीहरु सहित अवलोकनमा भाग लिने विद्यालयहरुलाई समेत कदर पत्र प्रदान गरिएको थियो।

कार्यक्रममा मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासक श्री पार्वती शर्माज्यू, विज्ञापन बोर्डका प्रमुख प्रशासकीय अधिकृत श्री देवी पाण्डेज्यू, हुलाक प्रशिक्षण केन्द्रका मुख्य हुलाक प्रशिक्षक श्री जानुका मिश्रज्यू, राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र(जिन बैंक) का प्राविधिक अधिकृत श्री विकाश भुसालज्यू, श्री त्रिपुरेश्वर महादेव मन्दिर परमानन्द सन्यास आश्रम, बाग्लुङका प्रतिनिधिहरु, नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष श्री केदार प्रधानज्यू र अन्य पदाधिकारीज्यूहरु, हुलाक सेवा विभाग र मातहतका कार्यालयका प्रमुख तथा अन्य कर्मचारीहरु, अन्य विभिन्न सरकारी निकायका प्रतिनिधिहरु र सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो।

कार्यक्रम सञ्चालन हुलाक सेवा विभागका निर्देशक श्री विशाल सापकोटाले गर्नुभएको थियो। प्रकाशन गरिएका हुलाक टिकटको संक्षिप्त विवरण विभागका शाखा अधिकृत श्री चन्द्रा थापाले वाचन गरेर प्रस्तुत गर्नुभएको थियो भने टिकटको प्राविधिक विवरण विभागका कला अधिकृत श्री पूर्णकला लिम्बूले गर्नुभएको थियो।

हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं